# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः २ कार्यपालिकाबाट पारित मितिः २०८२।०७।१५

प्रमाणिकरण मितिः २०८२।०७।१६

प्रकाशन मितिः २०८२।०७।१६


## भाग-२

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको पति बेपत्ता पारिएका महिलालाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८२

**प्रस्तावनाः** दस वर्षे द्वन्द्वका क्रममा पति बेपत्ता पारिएका महिलालाई जीवन निर्वाह भत्ता वितरण कार्यलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले ठाकुरबाबा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ऐन, २०८१ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **“ठाकुरबाबा नगरपालिकाको पति बेपत्ता पारिएका महिलालाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८२”** रहेको छ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) **“आयोग”** भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगलाई सम्झनु पर्दछ।

(ख) **“महिला”** भन्नाले दस वर्षे युद्धमा पति बेपत्ता पारिएका र हालसम्म पनि एकल अवस्थामा रहेका महिलाहरुलाई सम्झनु पर्दछ।

(ग) **"द्वन्द्व"** भन्नाले दस वर्षे सशस्त्र संघर्षलाई सम्झनु पर्दछ।

(घ) **"जनआन्दोलन"** भन्नाले वि. सं. २०६२।०६३ सालमा भएको जनआन्दोलनलाई सम्झनु पर्दछ।

(ङ) **"सशस्त्र सङ्घर्ष"** भन्नाले वि. सं. २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मङ्सिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र सङ्घर्षलाई सम्झनु पर्दछ।

(च) **"भत्ता"** भन्नाले सशस्त्र संघर्षको क्रममा पति बेपत्ता पारिएका र हालसम्म एकल अवस्थामा रहेका महिलालाई दिइने जीवन निर्वाह भत्तालाई सम्झनु पर्दछ।

(छ) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिका, बर्दियलाई सम्झनु पर्दछ।

(ज) **"कार्यालय"** भन्नाले नगर कार्यपालिकाको कार्यालय, सैनवार बर्दियालाई सम्झनु पर्दछ।

(झ) **"वडा"** भन्नाले ठाकुरबाबा नगरपालिका अन्तर्गतका वडाहरुलाई सम्झनु पर्दछ।

**३. <u>सूचना प्रकाशन तथा भत्ता वितरणः</u>** (१) पति बेपत्ता पारिएका महिलालाई जीवन निर्वाह भत्ता वितरण गर्ने प्रयोजनका लागि नगरपालिकाले सात (७) दिनको सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि जीवन निर्वाह भत्ता प्राप्त गर्नका लागि योग्य महिलाले **अनुसूची-१** बमोजिमको ढाँचामा तोकिएका कागजात र **अनुसूची-२** बमोजिमको स्वः घोषणा सहित नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) ठाकुरबाबा नगरपालिकामा स्थायी रुपमा बसोबास गरिरहेका, दस वर्षे द्वन्द्वको क्रममा पति बेपत्ता पारिएका र हालसम्म एकल अवस्थामा रहेका महिलाहरु जीवन निर्वाह भत्ता प्राप्त गर्न योग्य हुनेछन्।

(४) अन्यत्र जिल्लाको जिल्ला प्रशासन कार्यालयमा बेपत्ता परिवारमा नाम समावेश भएको र हाल बसाईंसराईं गरी यस नगरपालिकामा आएको भए बसाइसराईं दर्ता प्रमाणपत्रसहित नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ।

(५) पति बेपत्ता पारिएका महिलाले अन्य सामाजिक सुरक्षा भत्ता पाइरहेको वा यस नगरपालिका भन्दा अन्यत्र बसाईं सरी गएको वा विवाह गरेको प्रमाणित भएमा त्यस्तो महिलालाई भत्ता रकम उपलब्ध गराइने छैन।

(६) जीवन निर्वाह भत्ता प्राप्त गर्न चाहने व्यक्ति स्वयंले नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नछ। अन्य व्यक्तिको नामबाट निवेदन दिइएको पाइएमा भत्ता रकम उपलब्ध गराइने छैन।

(७) जीवन निर्वाह भत्ता प्राप्त गर्ने व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार वा स्थायीय तहबाट तलबभत्ता, निवृत्तिभरण वा अन्य कुनै प्रकारको सामाजिक सुरक्षा भत्ता खाइपाई आएको भएमा त्यस्तो व्यक्तिलाई सेवा सुविधा प्राप्त गरेको अवधिभरको भत्ता रकम उपलब्ध गराइने छैन।

(८) नगरपालिकाले पति बेपत्ता पारिएका महिलाहरुलाई वि. सं. २०८२ साल श्रावण १ गतेदेखि लागू हुने गरी प्रति व्यक्ति मासिक रु. २,५००।- (अक्षरेपी दुई हजार पाँच सय रूपैयाँ) का दरले त्रैमासिक रुपमा सम्बन्धित व्यक्तिको बैङ्क खातामा रकम उपलब्ध गराउनु पर्नेछ।

४. **विवरण राख्नुपर्नेः** (१) नगरपालिकाले **अनुसूची-३** बमोजिमको ढाँचामा जीवन निर्वाह भत्ता प्राप्त गर्ने पति बेपत्ता पारिएका महिलाहरुको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको विवरणको वार्षिक प्रतिवेदन महिला, बालबालिका तथा समाज कल्याण उपशाखा मार्फत नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ।

५. **विविधः** (१) ठाकुरबाबा नगरपालिका अन्तर्गतको महिला, बालबालिका तथा समाज कल्याण उपशाखाले जीवन निर्वाह भत्ता सम्बन्धी कार्यहरु सम्पादन गर्नुपर्नेछ।

(२) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

ठाकुरबाबा नगरपालिकाको पति बेपत्ता पारिएका महिलालाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८२

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## जीवन निर्वाह भत्ता प्राप्त गर्नका लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः ....................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया।

**विषयः जीवन निर्वाह भत्ता रकम उपलब्ध गराइदिनुहुन।**

म निवेदकको श्रीमान् जनआन्दोलन/सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएको र हाल म एकल अवस्थामा बसिरहेको हुँदा "पति बेपत्ता पारिएका महिलालाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८२" बमोजिम नगरपालिकाले मिति ...................................... मा प्रकाशन गरेको सूचना बमोजिम जीवन निर्वाह भत्ता उपलब्ध गराइदिनुहुन तपसिल बमोजिमका कागजातहरु समेत संलग्न राखी यो निवेदन पेश गर्दछु।

तपसिलः

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
(२) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग वा जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको पीडित परिचयपत्र वा प्रमाणको प्रतिलिपि।
(३) दोस्रो विवाह नगरेको स्वःघोषणा।
(४) एक प्रति चेकको सक्कल।
(५) बसाइसराईं दर्ता प्रमाणपत्रको प्रतिलिपि (नगरपालिका भन्दा अन्यत्रबाट बसाइसराईं गरेर आएको भए)

**निवेदकको**

हस्ताक्षरः

नामथरः

ठेगानाः

सम्पर्क नं.:

ठाकुरबाबा नगरपालिकाको पति बेपत्ता पारिएका महिलालाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८२

अनुसूची-३

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**स्वघोषणाको ढाँचा**

## स्वघोषणा

ठाकुरबाबा नगरपालिका, वडा नं. ..............., ..................................... मा स्थायी रूपमा बस्ने वर्ष .............. को म निवेदकको श्रीमान्/पतिलाई मिति .................................... गतेका दिन .................................................. बाट बेपत्ता पारिएको, तत्पश्चात् हालसम्म मैले विवाह नगरेको, हाल मैले नेपाल सरकार, प्रदेश सरकार वा स्थायीय तहबाट तलबभत्ता, निवृत्तिभरण वा अन्य कुनै प्रकारको सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेको तथा ठाकुरबाबा नगरपालिकाको **"पति बेपत्ता पारिएका महिलालाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८२"** बमोजिम जीवन निर्वाह भत्ता प्राप्त गर्नका लागि योग्य रहेको बेहोरा स्वघोषणा गर्दछु। उपयुक्त व्यहोरा सही/साँचो हो। यदि झुठ्ठा ठहरेमा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

**सही छापः**

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

**हस्ताक्षरः**

**नामथरः** .....................................

**स्थायी ठेगानाः ठाकुरबाबा-......, ................**

**सम्पर्क नं.:** .......................................

**मितिः** .............................................

अनुसूची-३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**नगरपालिकाले राख्नुपर्ने विवरणको ढाँचा**

## पति बेपत्ता पारिएका महिलाहरुलाई वितरण गरिएको जीवन निर्वाह भत्ताको विवरण

| क्र.सं. | जीवन निर्वाह भत्ता प्राप्त गर्ने व्यक्तिको | | | | | | | | | | जीवन निर्वाह भत्ता प्राप्त गर्न शुरु गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नामथर | ठेगाना | नागरिकता प्रमाणपत्र नं. | जारी गर्ने जिल्ला | जारी मिति | पतिको नाम | बाबु/ससुराको नाम | आमा/सासुको नाम | पति बेपत्ता पारिएको मिति | पति बेपत्ता पारिएको स्थान | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको पति बेपत्ता पारिएका महिलालाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८१